आज मिति २०८१ साल पौष ५ गते शुक्रबार यस हेटौंडा उपमहानगरपालिकाको १६ औं नगर सभाको बैठक अध्यक्ष एवम् नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा बस्न देहाय बमोजिमको उपस्थितिमा रह्यो ।

देहाय

| सि.नं. | नाम, थर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | मिना कुमारी लामा | अध्यक्ष | | |
| २ | राजेश बानिया | उपाध्यक्ष | | |
| ३ | सविन न्यौपाने | सदस्य | १ | |
| ४ | विष्णु गोपाल महर्जन | सदस्य | २ | |
| ५ | ढलक बहादुर थापा | सदस्य | ३ | |
| ६ | नविन सिग्देल | सदस्य | ४ | |
| ७ | सुशील घिमिरे | सदस्य | ५ | |
| ८ | विष्णु बहादुर दहाल | सदस्य | ६ | |
| ९ | दामोदर गौतम | सदस्य | ७ | |
| १० | राम कृष्ण थापा | सदस्य | ८ | |
| ११ | सुकराम केसी | सदस्य | ९ | |
| १२ | फूर्वा दोर्जे तमाङ्ग | सदस्य | १० | |
| १३ | जुना दाहाल | सदस्य | ११ | |
| १४ | अर्जुन प्रसाद तिवारी | सदस्य | १२ | |
| १५ | पेम्बा लामा | सदस्य | १३ | |
| १६ | दिपक खड्का | सदस्य | १४ | |
| १७ | सुनिल मुक्तान | सदस्य | १५ | |
| १८ | रामकृष्ण कोइराला | सदस्य | १६ | |
| १९ | उद्धव सत्याल | सदस्य | १७ | |
| २० | अनिल कुमार बानिया | सदस्य | १८ | |
| २१ | नरनाथ सुवेदी | सदस्य | १९ | |

| सि.नं. | नाम, थर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| २२ | अर्जुन बहादुर राई | सदस्य | | |
| २३ | विर बहादुर विक | सदस्य | | |
| २४ | शंकर राई | सदस्य | | |
| २५ | पातली माया गोङ्ग्वा | सदस्य | | |
| २६ | रुक्मिणी गोङ्ग्वा | सदस्य | | |
| २७ | साधना श्रेष्ठ | सदस्य | | |
| २८ | ईश्वरी विक | सदस्य | | |
| २९ | मञ्जु भुर्तेल | सदस्य | | |
| ३० | रामकृष्ण अधिकारी | सदस्य | १ | |
| ३१ | मनु दहाल | सदस्य | १ | |
| ३२ | सोनाम सिं ब्लोन | सदस्य | १ | |
| ३३ | सुरज बतौंला | सदस्य | २ | |
| ३४ | ईन्द्र प्रसाद रिजाल | सदस्य | २ | |
| ३५ | मैया परियार | सदस्य | २ | |
| ३६ | रत्न बहादुर ब्लोन | सदस्य | ३ | |
| ३७ | हर्क बहादुर पाखिन | सदस्य | ३ | |
| ३८ | सविना विडारी | सदस्य | ३ | |
| ३९ | देवकी विश्वकर्मा | सदस्य | ३ | |
| ४० | जनरल श्रेष्ठ | सदस्य | ४ | |
| ४१ | जगन्नाथ पाण्डे | सदस्य | ४ | |
| ४२ | गिता त्रिपाठी | सदस्य | ४ | |
| ४३ | विष्णु माया घलान | सदस्य | ४ | |
| ४४ | ज्ञान बहादुर थापा मगर | सदस्य | ५ | |
| ४५ | राम बहादुर राई | सदस्य | ५ | |
| ४६ | रंजीता सिलवाल | सदस्य | ५ | |
| ४७ | भगवती विक | सदस्य | ५ | |

| सि.नं. | नाम, थर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ४८ | विजय पौडेल | सदस्य | ६ | |
| ४९ | लेखराज ढकाल | सदस्य | ६ | |
| ५० | सरिता सापकोटा | सदस्य | ६ | |
| ५१ | मुना विश्वकर्मा | सदस्य | ६ | |
| ५२ | दिनेश थापा मगर | सदस्य | ७ | |
| ५३ | श्याम सुन्दर परियार | सदस्य | ७ | |
| ५४ | सन्तु माया पाखिन | सदस्य | ७ | |
| ५५ | राधिका विश्वकर्मा | सदस्य | ७ | राधिका |
| ५६ | गोरखनाथ राय | सदस्य | ८ | गोरखनाथ |
| ५७ | राजु मुक्तान | सदस्य | ८ | |
| ५८ | रिता सार्की | सदस्य | ८ | रिता |
| ५९ | विष्णु बहादुर मगर | सदस्य | ९ | |
| ६० | कमला पौडेल | सदस्य | ९ | |
| ६१ | इश्वर प्रसाद मैनाली | सदस्य | १० | |
| ६२ | विमल लामा | सदस्य | १० | |
| ६३ | गोमा सुनार | सदस्य | १० | |
| ६४ | संजय विडारी | सदस्य | ११ | |
| ६५ | विकास नेपाल | सदस्य | ११ | |
| ६६ | गोपिनी सापकोटा | सदस्य | ११ | |
| ६७ | गीता सुनार | सदस्य | ११ | गिता |
| ६८ | ज्ञान बहादुर श्रेष्ठ | सदस्य | १२ | |
| ६९ | महेश भट्टराई | सदस्य | १२ | |
| ७० | गिता परियार | सदस्य | १२ | |
| ७१ | उत्तम गोम्जा | सदस्य | १३ | |
| ७२ | दाबा लामा | सदस्य | १३ | |
| ७३ | रन्जु गोम्जा | सदस्य | १३ | |

| सि.नं. | नाम, थर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ७४ | सानु माया नेपाली | सदस्य | १३ | |
| ७५ | कुल नरसिङ गोङबा | सदस्य | १४ | |
| ७६ | श्याम कुमार भोलन | सदस्य | १४ | |
| ७७ | विना कुमारी थिङ्ग लामा | सदस्य | १४ | |
| ७८ | रत्ना विश्वकर्मा | सदस्य | १४ | रत्ना |
| ७९ | राजेन्द्र तितुङ | सदस्य | १५ | |
| ८० | सिंह बहादुर लो | सदस्य | १५ | |
| ८१ | मिनु विश्वकर्मा | सदस्य | १५ | |
| ८२ | राजन प्रसाद दाहाल | सदस्य | १६ | |
| ८३ | गुरु प्रसाद ढकाल | सदस्य | १६ | |
| ८४ | कमला धिमाल | सदस्य | १६ | कमला |
| ८५ | संगिता विश्वकर्मा | सदस्य | १६ | संगीता |
| ८६ | नवराज न्यौपाने | सदस्य | १७ | |
| ८७ | कृष्ण बहादुर अधिकारी | सदस्य | १७ | |
| ८८ | लेख कुमारी तिमल्सिना | सदस्य | १७ | लेख |
| ८९ | उर्मिला चुनारा | सदस्य | १७ | उर्मिला |
| ९० | तोयानाथ तिमल्सिना | सदस्य | १८ | |
| ९१ | योगराज खतिवडा | सदस्य | १८ | |
| ९२ | पुजा मंग्राती | सदस्य | १८ | |
| ९३ | प्रताप सिं थिङ | सदस्य | १९ | |
| ९४ | राजकुमार बज्यु | सदस्य | १९ | |
| ९५ | रमा गोले | सदस्य | १९ | |
| ९६ | रिता सुनार | सदस्य | १९ | |
| ९७ | सूर्य प्रसाद गौतम | सदस्य सचिव | | |

## नगर सभाको १६ औं अधिवेशनको निर्णयहरु

**निर्णय नं. १**

चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको प्रगति समीक्षा र संशोधित बजेट अनुमान रु.२ अर्ब ८४ करोड ४२ लाख ५९ हजार ३ सय १६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकावाट प्रस्ताव गरिएका देहाय बमोजिमका विधेयक/संसोधन विधेयक स्वीकृत गर्ने निर्णय गरियो:

(क) हेटौंडा उपमहानगरपालिका खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी विधेयक, २०८१,

(ख) हेटौंडा उपमहानगरपालिका संघ संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०८१,

(ग) हेटौंडा उपमहानगरपालिकाको शिक्षा ऐन, २०७४ को दोश्रो संशोधन विधेयक, २०८१

(घ) हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दोस्रो संशोधन विधेयक, २०८१ ।

**निर्णय नं. ३**

हेटौंडा उपमहानगरपालिकाको वेरुजु फछ्यौंट (नियमित र सम्परीक्षण गर्नु पर्ने) सम्बन्धी लेखा समितिको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विभिन्न वडाहरुबाट संशोधनका लागि प्रस्ताव गरिएका र नगर कार्यपालिकाबाट स्वीकृतिका लागि सिफारिस भएका वडास्तरीय योजना तथा कार्यक्रमहरु संशोधन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

उपमहानगरपालिकाको विभिन्न विषयगत समितिहरुले आफ्नो क्षेत्र अन्तर्गत विनियोजन भएका केही योजना तथा कार्यक्रमहरु संशोधनका लागि प्रस्ताव गरिएका नगर कार्यपालिकाबाट स्वीकृतिका लागि सिफारिस भएका योजना तथा कार्यक्रमहरुको संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

उपमहानगरपालिकाको छनौट तथा सिफारिस समिति एवम् उपसमितिबाट विभिन्न मितिमा पदपूर्ति सम्बन्धमा तथा दैनिक ज्यालादारीमा कामकाज लगाउने गरी भएका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

गत विगत वर्षमा स्वीकृत भई सञ्चालित योजनाहरुको आर्थिक वर्ष २०८०/०८१ मा भुक्तानी गर्नु पर्ने कच्चावारी विवरण अनुसारको संलग्न बमोजिमको रकम चालु आर्थिक वर्षमा खर्च लेख्ने गरी अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

उपमहानगरपालिकाको असुल उपर गर्नु पर्ने बेरुजुलाई असुल उपर र नियमित तथा म्याद नाघेका पेश्कीहरुलाई फछ्यौंट सम्बन्धी कार्य गर्न समिति वा कार्यदल गठन गरी कार्य अगाडि बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

उपमहानगरपालिकाको मिति २०८१ आषाढ ७ गतेको नगरसभाबाट अख्तियारी प्राप्त गरी नगर प्रमुख स्तरीय निर्णयबाट कार्यान्वयन भएका योजना, कार्यक्रम तथा बजेट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

हेटौंडा उपमहानगरपालिकाबाट भए गरेका पूर्वाधार निर्माण एवम् कार्यक्रमहरुको २०८१ आषाढ १ गते देखि २०८१ पौष ४ गतेसम्म वडा एवम् नगरस्तरीय योजना तथा कार्यक्रमहरुको फरफारक समितिबाट सिफारिस भएका योजना तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

नगर कार्यपालिकाबाट चालु आर्थिक वर्षमा विभिन्न मितिमा स्वीकृत भई नगरसभामा पेश गर्ने गरी भएका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ स्थित श्री भुटनदेवी माध्यमिक विद्यालय र श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा नं. ४ को कार्यालयबाट भएको सिफारिस समेतको आधारमा उक्त दुवै विद्यालय एकिकृत गर्न आवश्यक कानूनी, प्रक्रियागत र संस्थागत व्यवस्था गरी मेगा विद्यालयको रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

चालु आर्थिक बर्षमा सम्पन्न भएका योजना तथा कार्यक्रमको भुक्तानी दायित्व अर्को आर्थिक बर्षमा सार्ने अभ्यासका कारण यथार्थपरक बजेट तथा कार्यक्रम तर्जुमामा समस्या पर्ने गरेको र गर्नु पर्ने भुक्तानी लामो समयसम्म अवरूद्ध हुन जाँदा जनगुनासो लगायत विविध समस्या देखिएकोले यस अभ्यासलाई अन्त्य गर्न चालु आर्थिक बर्षमा योजना सम्झौताको कार्य चैत्र मसान्तसम्ममात्र गर्ने र योजना तथा कार्यक्रमको भुक्तानी जेष्ठ १५ गतेसम्म गरिसक्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. १४**

अष्ट्रेलियाको भिक्टोरिया प्रान्त स्थित BRIM BANK CITY मा उपमहानगरपालिकाको तर्फबाट भएको अन्तराष्ट्रिय स्तरको भ्रमणमा हेटौंडा उपमहानगरपालिकाका वडा नं.२, ६ र ९ का ३ जना वडा अध्यक्ष समेतले भ्रमणका अवसरमा BRIM BANK CITY COUNCIL का हालका काउन्सिलर (मेयर) सँगको भेटघाट तथा वार्ताको क्रममा हेटौंडा उपमहानगरपालिका र BRIM BANK CITY COUNCIL बिच भगिनी सम्बन्ध कायम गर्ने समझदारी भएको हुँदा सो को लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

हेटौंडा उपमहानगरपालिकाले बालमैत्री नगर घोषणा गर्नको लागि कार्यान्वयन निर्देशिकाले तोकेका न्यूनतम मापदण्ड पूरा गरी अन्तिम चरणमा रहेको हुँदा २०८१ फाल्गुण मसान्त सम्ममा बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

साविक स्थानीय निकायमा २०६४ साल आश्विन मसान्त अगाडि अस्थायी/करारमा नियुक्त भई हालसम्म कार्यरत रहेका कर्मचारीको हकमा २०७४ पौष २१ गतेको सम्मानित सर्वोच्च अदालतको आदेशानुसार स्थायी पदपुर्ती प्रक्रिया अगाडि बढाउन देहाय बमोजिमको पदपुर्ती समिति गठन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

अध्यक्ष, भगवान अर्याल (अवकास प्राप्त सहसचिव)

सदस्य, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अधिकृत प्रतिनिधि

सदस्य, प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको अधिकृत प्रतिनिधि

सदस्य, जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अधिकृत प्रतिनिधि

सदस्य सचिव, प्रशासन महाशाखा प्रमुख, हेटौंडा उपमहानगरपालिका